हरित नगर समृद्द दमक

दमक नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

दमक, झापा

१नं. प्रदेश, नेपाल

प.सं. ०७८।७९

च.नं. ४४४५

**दमक सपिङ कम्प्लेक्स वहालमा लिन आव्हान गरिएको सूचना ।**

*(प्रथम पटक सूचना प्रकाशन मिति २०७८/११/०२)*

यस दमक नगरपालिकाको वडा नं. ६ मा रहेको दमक सपिङ कम्प्लेक्स (माथिल्लो तल्ला वाहेकका तल्ला) भाडामा लिन ईच्छुक संस्था, फर्म तथा कम्पनीहरुका लागि न्यूनतम अंकबाट बढाबढका लागि तपशिल वमोजिमका शर्त र वन्देजहरुको परिधि भित्र रही तोकिएको ढाँचामा यस कार्यालयबाट उपलब्ध हुने आवेदन फाराम शिलवन्दी गरी पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| बिवरण | फारम दस्तुर | न्यूनतम कवोल अंक | धरौटी |
|---|---|---|---|
| दमक सपिङ कम्प्लेक्स प्रति तल्ला भाडा (माथिल्लो तल्ला वाहेक) | रु.१०००।- | रु.५०,०००।- मासिक | बार्षिक कवोल अंकको ५% ले हुने रकम |

शर्तहरु :-

१. आवेदन फाराम दमक नगरपालिका कार्यालयवाट रु.१०००।- (एक हजार मात्र) फिर्ता नहुने गरी फारम शुल्क बुझाई प्राप्त गर्न सकिने छ ।

२. आवेदन फाराम सूचना प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिन सम्म कार्यालय समय भित्र आवेदन खरिद गरी दर्ता गरी सक्नु पर्नेछ ।

३. आवेदन फाराममा अंक र अक्षरमा स्पष्ट गरी भर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षेरमा लेखेकोलाई मान्यता दिईनेछ । आवेदन फाराममा केरमेट गरी सच्याईएको भए आवेदकले सहीछाप गरेको हुनु पर्नेछ ।

४. आवेदन साथ फर्म दर्ता भएको प्रमाणपत्र र संचालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र हाल सालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रति संलग्न गर्नु पर्नेछ ।

५. आवेदन साथ धरौटी वापतको रकम दमक नगरपालिकाको नाममा रहेको धरौटी खाता रा.बा. बैंक दमक शाखाको हि.नं. २१४०१००३०३००००२ मा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।

६. पेश भएको फर्म स्वीकृत भए पश्चात सम्झौता गर्नु अघि कवोल गरे अनुसारको ४ महिनाको भाडा अग्रीम बुझाउनु पर्नेछ ।

हरित नगर समृद दमक

दमक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

१नं. प्रदेश, नेपाल

प.सं. ०७८।७९

च.नं. ४४२२

७. पानी, विधुत महशुल, फोहोरमैला व्यवस्थान शुल्क लगायतका शुल्क स्वयंले भुक्तानी गर्नु पर्नेछ । सम्वन्धित व्यवसायीको निष्कृयता र लापरवाहीको कारणबाट उल्लेखित सुविधा कटौती हुने अवस्था आएमा स्वयम् जिम्बेवार भई त्यसको व्यवस्थापन आफैले गर्नु पर्नेछ ।

८. पसल कवल भित्रको आन्तरिक सजावटको प्रयोजनका लागी वाहेक अन्य संरचना परिवर्तन गर्नु पर्ने भएमा नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र गर्न सकिने छ ।

९. रित नपुगी आएको वा म्याद नाघी आएको निवेदनलाई कुनै मान्यता दिइने छैन ।

१०. आवेदकले नियमानुसार नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहमा बुझाउनु पर्ने कानून बमोजिमका करहरु स्वयंले बुझाउनु पर्नेछ ।

११. यस सम्झौतामा लेखिएको शर्तहरुको हकमा यसै वमोजिम र उल्लेख नभएको शर्तहरुको हकमा प्रचलित ऐन कानुन वमोजिम हुनेछ ।

१२. दमक नगर कार्यपालिका तथा वडा कार्यालयवाट जारी निर्देशनहरुको सम्वन्धित वहालवालाले पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

१३. अन्य थप जानकारीको लागि यस नगर कार्यपालिकामा सम्पर्क राख्न सकिनेछ ।

.............................

गणेशप्रसाद तिम्सिना

प्रमुख प्रशासकीय अधिकृत

२०७८।५।१७

हरित नगर समृद दमक

दमक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

१नं. प्रदेश, नेपाल

प.सं. ०७८।७९

च.नं. ४३५८

### व्यवसायका लागि कोठा वहालमा लिन आव्हान गरिएको सूचना ।

*(प्रथम पटक सूचना प्रकाशन मिति २०७८/१०/२२)*

यस दमक नगरपालिकाको वडा नं. ७ मा रहेको दमक बसपार्क पूर्वमा निर्मित सवारी साधनको ग्यारेज संरचना भाडामा लिन ईच्छुक फर्म तथा कम्पनीहरुका लागि न्यूनतम अंकबाट बढाबढका लागि तपशिल वमोजिमका शर्त र वन्देजहरुको परिधि भित्र रही तोकिएको ढाँचामा यस कार्यालयबाट उपलब्ध हुने आवेदन फाराम भरी पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| बिवरण | फारम दस्तुर | न्यूनतम कवोल अंक | धरौटी |
|---|---|---|---|
| ग्यारेजको संरचना भाडा | रु.१०००।- | रु.१५,०००।- मासिक | ४ महिनाको कवोल भाडा |

शर्तहरु :-

१. आवेदन फाराम दमक नगरपालिका कार्यालयवाट रु.१०००।- (एक हजार मात्र) फिर्ता नहुने गरी फारम शुल्क बुझाई प्राप्त गर्न सकिने छ ।

२. आवेदन फाराम सूचना प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिन सम्म कार्यालय समय भित्र आवेदन खरिद गरी दर्ता गरी सक्नु पर्नेछ ।

३. आवेदन फारममा अंक र अक्षरमा स्पष्ट गरी भर्नु पर्नेछ । अंक र अक्षेरमा फरक परेमा अक्षेरमा लेखेकोलाई मान्यता दिईनेछ । आवेदन फारममा केरमेट गरी सच्याईएको भए आवेदकले सहीछाप गरेको हुनु पर्नेछ ।

४. आवेदन साथ फर्म दर्ता भएको प्रमाणपत्र र संचालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र हाल सालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रति संलग्न गर्नु पर्नेछ ।

५. व्यवसाय संचालन गर्दा नग्रपालिकाले उक्त संरचनासग जोडिएको जग्गा छुट्टाई दिनेछ । सो वाहेकको जग्गा दरभाउपत्रदाताले प्रयोग गर्न पाउने छैन ।

६. आवेदन साथ धरौटी वापतको रकम दमक नगरपालिकाको नाममा रहेको धरौटी खाता रा.बा. बैंक दमक शाखाको हि.नं. २१४०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।

७. पेश भएको फर्म स्वीकृत भए पश्चात सम्झौता गर्नु अघि कवोल गरे अनुसारको ४ महिनाको भाडा अग्रीम बुझाउनु पर्नेछ ।

...कुमार न्यौपाने

हरित नगर समृद दमक

दमक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

१नं. प्रदेश, नेपाल

प.सं. ०७८।७९

च.नं. ४३५५

८. पसल कवल भित्रको आन्तरिक सजावटको प्रयोजनका लागी वाहेक अन्य संरचना परिवर्तन गर्नु पर्ने भएमा नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र गर्न सकिने छ ।

९. आफुले लिएको कोठा अन्यलाई हस्तान्तरण गर्नु परेमा नियमानुसार नामसारी गरे पश्चात मात्र हस्तान्तरण गर्न पाईनेछ । अन्य व्यक्तिले सो कोठा प्रयोग गर्न पाईनेछैन ।

१०. रित नपुगी आएको वा म्याद नाघी आएको निवेदनलाई कुनै मान्यता दिइने छैन ।

११. यस सम्झौतामा लेखिएको शर्तहरुको हकमा यसै वमोजिम र उल्लेख नभएको शर्तहरुको हकमा प्रचलित ऐन कानुन वमोजिम हुनेछ ।

१२. दमक नगर कार्यपालिका तथा वडा कार्यालयवाट जारी निर्देशनहरुको सम्वन्धित वहालवालाले पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

१३. अन्य थप जानकारीको लागि यस नगर कार्यपालिकामा सम्पर्क राख्न सकिनेछ ।

दिनेशकुमार न्यौपाने

उपसचिव

अधिकृतः दशौं तह

हरित नगर समृद दमक

दमक नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

दमक, झापा

१नं. प्रदेश, नेपाल

प.सं. ०७८।७९

च.नं. ४४२६

**सार्वजनिक नीजि साझेदारी (PPP) मा पसल कवल निर्माण गरी वहालमा लिन आव्हान गरिएको सूचना।**

*(प्रथम पटक सूचना प्रकाशन मिति २०७८/११/०२)*

यस दमक नगरपालिका वडा नं. ७ पशुहाट बजार केन्द्रको उत्तर, पूर्व र दक्षिण सिमानामा सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुरुप तपशिल बमोजिम ५१ वटा प्रसल कवल निर्माण गर्न दमक नगरपालिकावाट मिति २०७८।१०।१४ मा निर्णय भएकोले सो अनुसार अग्रीम लागत सहभागिता गर्न ईच्छुक व्यक्ति/फर्महरुले आवेदन गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। इच्छुक फर्म/कम्पनीहरुले तपशिल वमोजिमका शर्त र वन्देजहरुको परिधि भित्र रही तोकिएको ढाँचामा यस कार्यालयबाट उपलब्ध हुने आवेदन फाराम भरी पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु :-

१. आवेदन फाराम दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट रु.१०००/- (एक हजार मात्र) फिर्ता नहुने गरी राजश्व शाखामा शुल्क बुझाई प्राप्त गर्न सकिने छ।

२. आवेदन फाराम सूचना प्रकाशन भएको मितिदेखि १५ औं दिन कार्यालय समय भित्र आवेदन खरिद गरी दर्ता गरी सक्नु पर्नेछ।

३. आवेदन साथ फर्म/कम्पनी वा व्यवसाय दर्ता भएको भए सो को प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र हाल सालै खिचेको पासपोर्ट साईजको २ प्रति फोटो संलग्न गर्नु पर्नेछ।

४. अग्रीम सहभागिता गर्ने रकम पशुपंक्षी हाटबजार केन्द्रको दक्षिण तर्फ रु.३ लाख र उत्तर तथा पूर्व तर्फका सटरहरुका लागि रु.५ लाख कायम गरिएको छ। सो मध्ये प्रस्ताव पेश गर्दा हाटबजार केन्द्रको दक्षिण तर्फको कोठा लिन चाहनेले रु.५० हजार र उत्तर र पूर्व तर्फ कोठा लिन चाहनेले रु.१ लाख धरौटी वापत यस नगरपालिकाको नाममा रहेको धरौटी खाता रा.बा. बैंक दमक शाखाको हि.नं. २१४०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

५. एक व्यक्ति वा फर्मले एउटा मात्र पसल कवलका लागि आवेदन फाराम पेश गर्न पाउनेछ।

६. अग्रीम सहभागिता गर्नु पर्ने रकम प्रस्ताव स्वीकृत भए पश्चात सम्झौता गर्नु पूर्व ४० प्रतिशतले हुन आउने रकम जम्मा गर्नु पर्नेछ। बाँकी रकम सम्झौता भएका मितिले ३ महिना भित्र बुझाई सक्नु पर्नेछ।

७. आवश्यक संख्या भन्दा बढी प्रस्तावहरु दर्ता भएमा गोलाप्रथावाट प्रस्तावहरु छनौट गरिनेछ साथै गोलाप्रथावाट नै कोठा छनौट गर्ने व्यवस्था गरिनेछ।

८. बहालवालाले दमक नगरपालिकालाई बुझाउनु पर्ने सम्झौता बमोजिम तोकिएको मासिक भाडा मध्ये ५० प्रतिशत भाडा निजले राखेको अग्रीम सहभागिताको रकमवाट कट्टा गर्दै लगिनेछ।

९. प्रत्येक २ बर्षमा भाडा १० प्रतिशतका दरले बृद्धि हुदै जानेछ।

हरित नगर समृद दमक

दमक नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

दमक, झापा

१नं. प्रदेश, नेपाल

दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय दमक-झापा १ नं. प्रदेश, नेपाल

दमक नगरपालिका DAMAK MUNICIPALITY

प.सं. ०७८।७९
च.नं. ४४२६

१०. वहालवालाले अग्रीम जम्मा गरेको सहभागिताको रकम भाडा वापत सम्पूर्ण रकम कट्टा भैसके पश्चात नगरपालिकाले भाडा पूनरावलोकन गरी पून नयाँ प्रकृयाद्धारा भाडा लगाउने वन्दोवस्त गर्नेछ ।

११. पसल कवल बिक्री गर्दा नगरपालिकालाई निवेदन दिई आर्थिक ऐनमा तोके बमोजिमको नामसारी दस्तुर बुझाई नियमानुसार नामसारी गर्नुपर्नेछ । आफुखुशी पसल कवल बिक्री बितरण गरेको पाईएमा सम्झौता रद्ध गरी नगरपालिकाले सो पसल कवलको व्यवस्थापन आफै गर्नेछ ।

१२. पानी र विधुत महशुल भुक्तानीको प्रयोजनका लागि पहिलो पटक क्षेत्रमा छुट्टाछुट्टै महशुल व्यवस्थापन समिति सम्वन्धित वडा कार्यालयको रोहवरमा गठन गरिनेछ । यस समितिले सो हाटबजार केन्द्रमा रहेका पसल कवल गर्ने व्यवसायीहरुले पानी, बिजुली, लगायतका सेवा सञ्चालन र उपभोग गर्ने सेवा शर्तहरु तयार गरी महशुल भुक्तानीको बिधि तयार गरी लागू गर्नेछ । सम्वन्धित व्यवसायीको निष्कृयता र लापरवाहीको कारणबाट विधुत लाईन र खानेपानी कटौती हुने अवस्था आएमा स्वम् नै जिम्बेवार भई त्यसको व्यवस्थापन गर्नु पर्नेछ, आवश्यकता अनुसार वडा कार्यालयवाट सहजिकरणको भूमिका निर्वाह गरिने छ ।

१३. लागत सहभागिता प्रक्रियामा शुरु सहभागिता जनाउने व्यक्ति वा फर्म संग मात्र संझौता गरिने छ । जुन व्यक्ति वा फर्मको नाममा आवेदन फाराम विक्री भएको छ सोही व्यक्तिले मात्र प्रतिस्पर्धामा सहभागी हुन पाउने छ । अनाधिकृत रुपमा आपसी मिलेमतोमा पसल कवल विक्री गर्न पाईने छैन, यदी पसल कवल अनाधिकृत रुपमा विक्री भएको प्रमाणित भएमा संझौता रद्ध गरी त्यस्ता पसल बन्द गर्ने गराईने छ ।

१४. पसल कवल भित्रको आन्तरिक सजावटको प्रयोजनका लागी वाहेक अन्य संरचना परिवर्तन गर्नु पर्ने भएमा नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र गर्न सकिने छ ।

१५. रित नपुगी आएको वा म्याद नाघी आएको निवेदनलाई कुनै मान्यता दिइने छैन ।

१६. यस सम्झौतामा लेखिएको शर्तहरुको हकमा यसै वमोजिम र उल्लेख नभएको शर्तहरुको हकमा प्रचलित ऐन कानुन वमोजिम हुनेछ ।

१७. पसल कवल एव्म बसपार्क व्यवस्थापन सम्वन्धमा नगर कार्यपालिकाका बैठकबाट भएका निर्णय एव्म निर्देशनहरुको पालना गर्नु पर्नेछ ।

१८. पसल कवल निमार्ण र हस्तान्तरणको प्रक्रिया नगर कार्यपालिका बैठकले निर्णय गरे अनुसार मात्र हुनेछ ।

१९. अन्य थप जानकारीको लागि यस नगर कार्यपालिकामा सम्पर्क राख्न सकिनेछ ।

.........................

गणेशप्रसाद तिम्सिना
प्रमुख प्रशासकीय अधिकृत

हरित नगर समृद दमक

दमक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

१नं. प्रदेश, नेपाल

प.सं. ०७८।७९

च.नं. ४३३८

## व्यवसायका लागि कोठा वहालमा लिन आव्हान गरिएको सूचना ।

*(प्रथम पटक सूचना प्रकाशन मिति २०७८/१०/२१)*

यस दमक नगरपालिका वडा नं. ३ मा स्थीत दमक नगरपालिका र लुथरन बिश्व फेडरेशनको लागत सहभागितामा निर्मित बेलडागी बजारमा रहेको सटर र खुल्ला सेडहरु भाडामा लगाईने भएको हुँदा तपशिल वमोजिमका शर्त र वन्देजहरुको परिधि भित्र रही तोकिएको ढाँचामा ३ नं. वडा कार्यालयबाट उपलबध हुने आवेदन फाराम भरी पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :-

१. आवेदन फाराम दमक नगरपालिका ३ नं. वडा कार्यालयवाट रु.५००।- (पाँच सय मात्र) फिर्ता नहुने गरी फाराम शुल्क बुझाई प्राप्त गर्न सकिने छ ।
२. आवेदन फाराम सूचना प्रकाशित भएको मितिदेखि १० (दश) दिन सम्म कार्यालय समय भित्र आवेदन खरिद गरी दर्ता गरी सक्नु पर्नेछ ।
३. आवेदन साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, हाल सालै खिचेको पासपोर्ट साईजको २ प्रति फोटो र भुटानी शरणार्थीको हकमा शरणार्थी परिचय पत्र र क्याम्प व्यवस्थापन समितिको सिफारिस पत्र र संलग्न गर्नु पर्नेछ ।
४. सटर र खुल्ला सेडको मासिक भाडा क्रमश रु.३,०००।- र रु.१५००।- कायम गरिएको छ ।
५. आवेदन साथ धरौटी वापतको रकम सटरको हकमा रु.६,०००।- र खुल्ला सेडको हकमा रु.३,०००।- नगदै वा दमक नगरपालिकाको नाममा रहेको धरौटी खाता रा.बा. बैंक दमक शाखाको हि.नं. २१४०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।
६. पेश भएको आवेदन स्वीकृत भए पश्चात सम्झौता गर्नु अघि मासिक भाडा वापतको रकम सटरको हकमा रु.३०००।- र खुल्ला सेडको हकमा रु.१५००।- नगदै वडा कार्यालयमा बुझाएको हुनु पर्नेछ ।
७. वडा कार्यालयवाट गोला प्रथा गरी आवेदकलाई कोठा छनौट गर्न दिईने छ ।
८. पानी, विधुत महशुल भुक्तानी र फोहोरमैला व्यवस्थानका लागि बजार व्यवस्थापन समिति गठन गरिनेछ । यस समितिले सो हाटबजार केन्द्रमा रहेका पसल कवल गर्ने व्यवसायीहरुले पानी, बिजुली, लगायतका सेवा सञ्चालन र उपभोग गर्ने सेवा शर्तहरु तयार गरी महशुल भुक्तानीको बिधि तयार गरी लागू गर्नेछ । सम्वन्धित व्यवसायीको निष्कृयता र लापरवाहीको कारणबाट विधुत लाईन र खानेपानी कटौती हुने अवस्था

लोकेशकुमार न्यौपाने

हरित नगर समृद दमक

दमक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

१नं. प्रदेश, नेपाल

प.सं. ०७८।७९

च.नं. ४३३८

आएमा स्वम् नै जिम्बेवार भई त्यसको व्यवस्थापन गर्नु पर्नेछ, आवश्यकता अनुसार वडा कार्यालयवाट सहजिकरणको भूमिका निर्वाह गरिने छ।

९. पसल कवल भित्रको आन्तरिक सजावटको प्रयोजनका लागी वाहेक अन्य संरचना परिवर्तन गर्नु पर्ने भएमा नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र गर्न सकिने छ।

१०. आफुले लिएको कोठा अन्यलाई हस्तान्तरण गर्नु परेमा नियमानुसार नामसारी गरे पश्चात मात्र हस्तान्तरण गर्न पाईनेछ। अन्य व्यक्तिले सो कोठा प्रयोग गर्न पाईनेछैन।

११. रित नपुगी आएको वा म्याद नाघी आएको निवेदनलाई कुनै मान्यता दिइने छैन।

१२. यस सम्झौतामा लेखिएको शर्तहरुको हकमा यसै वमोजिम र उल्लेख नभएको शर्तहरुको हकमा प्रचलित ऐन कानुन र सम्झौतामा उल्लेख भएका शर्त वमोजिम हुनेछ।

१३. दमक नगर कार्यपालिका तथा वडा कार्यालयवाट जारी निर्देशनहरुको सम्वन्धित वहालवालाले पूर्ण रुपमा पालना गर्नु पर्नेछ।

१४. अन्य थप जानकारीको लागि यस नगर कार्यपालिकामा सम्पर्क राख्न सकिनेछ।

.................

दिनेशकुमार न्यौपाने

उपसचिव

अधिकृत दशौं तह